बैठक नं.७६

आज मिति २०७७/१२/२७ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

" " प्रेम बहादुर " गाहा - का.वा.वडाध्यक्ष - 2 " " " " " "

**प्रस्ताव नं.७६.१**

**जितगढी उत्सव सम्बन्धमा ।**

**निर्णय नं. ७६.१**

मिति २०७८।०१।०७ गतेका दिन सदाझै जितगढी विजय उत्सव मनाउने गरी मिति २०७७।११।२८ मा बसेको नगरकार्यपालिका वैठकको निर्णयबाट मूल समारोह समितिका अलवा अन्य उपसमितिहरु समेत गठन गरिएको । हाल केही दिनयता देखि कोभिड-१९ को संक्रमण दर बढ्न गएको पाइएको हुँदा विजय उत्सवको पूर्व तयारी भए तापनि हाल पनि गत बर्ष जस्तै गरी जितगढी विजय उत्सव मनाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७६.२**

**'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।**

**निर्णय नं. ७६.२**

बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिमको प्रयोजनका लागि गठित समितिबाट सिफारिस भई आए बमोजिम देहायका निर्माण व्यवसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | आर.के.निर्माण सेवा | बुटवल-१३ |
| २. | ओएसिस कन्स्ट्रक्सन | बुटवल-९ |

**प्रस्ताव नं.७६.३**

**समीक्षा सम्बन्धमा ।**

**निर्णय नं. ७६.३**

मिति २०७७।११।२८ मा बसेको नगरकार्यपालिकाको वैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समीक्षा गरियो । साथै चालु आ.व.को हालसम्मको वित्तीय र पूर्वाधार विकास तर्फको कार्यान्वयन अवस्थाको सम्बन्धमा देहाय बमोजिम जानकारी लिई समीक्षा समेत गरियो ।

देहाय

१.बढ्दो कोभिड-१९ का कारण जितगढी उत्सव गत बर्षझै गरी मनाउने ।

२.ग्रेडर मरमर सम्बन्धमा अध्ययन भइरहेको ।

३.भुमि समस्या समाधानसँग सम्बन्धित कामहरुको कार्यान्वयन प्रक्रिया निरन्तर भई रहेको ।

४. ढुवानीग्राम र बहुसांस्कृतिक ग्राम निर्माण संचालन तथा हस्तान्तरण सम्बन्धी सानिसा अवधारणामा आशयपत्र आह्वान सम्बन्धी प्रक्रिया अगाडि बढेको ।

५.स्मार्ट बत्ती व्यवस्थापन सम्बन्धमा बैठकहरु बस्ने तयारी भएको ।

६.वडा नं.१४-१९ को विद्युत व्यवस्थापनका लागि हेल्पर र सहयोगी उपलब्ध नभएको हुँदा कार्यालयबाटै आलोपालो मिलाई विद्युत व्यवस्थापनको कार्य प्रकिया अगाडि बढाउनुपर्ने ।

७.फोहर व्यवस्थापनको प्रकिया अगाडि बढेको ।

८.बैठौलिया तालको आय ठेक्का बस्दोवस्त सम्बन्धी प्रकिया अगाडि बढेको ।

९.कृषि बजार केन्द्रका लागि जग्गा माग सम्बन्धमा सम्बन्धित निकायहरुमा पत्राचार भएको ।

<u>वित्तीयतर्फ</u>

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको चालु आ.व.०७७।०७८ को दोस्रो चौमासिक सम्मको आयतर्फ संघीय सरकारको अनुदान रु.५०१८३०००।-, प्रदेश सरकारबाट ६८९२६५००।-, राजश्व वाँडफाँटबाट रु.१५२४९७४३९ र आन्तरिक स्रोत तर्फ रु.८२२५२९४८०।- (अल्या समेत) गरी जम्मा रु.१५४५७८६४१९।- आम्दानी र सोही अवधिमा चालु खर्च तर्फ रु.३४८७४६६२१।- पुजीगत खर्च ३५४९७८५९०।- र वित्तीय खर्च रु.२५५५९६७६।- गरी जम्मा रु.७०६२८४८८७।- खर्च भएको व्यहोरा आजको वैठकमा जानकारी भयो ।

<u>पूर्वाधारतर्फ</u>

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको चालु आ.व.०७७।०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत हालसम्म पूर्वाधार तर्फ तुलनात्मक रुपमा पूजीगत खर्च पर्याप्त भएको मान्न सकिएन । पूजीगत खर्च नहुनुको कारणलाई मनन गरी सबै वडा कार्यालयहरुले आ-आफ्नो कार्ययोजना बनाउने र सबै जनप्रतिनिधिहरु स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गराउने तर्फ थप अग्रसर हुने ।

**प्रस्ताव नं.७६.४**

**स्वमूल्यांकन अवस्थाको जानकारी एवं अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.-७६.४**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट आ.व. ०७६।०७७ मा सम्पादित कार्यहरुको सम्बन्धमा स्थानीय तह संस्थागत क्षमता मूल्यांकन कार्यविधि, २०७७ ले निर्दिष्ट गरे बमोजिमको ढाँचामा स्वमूल्यांकन गर्दा यस बुटवल उपमहानगरपालिकाको स्वमूल्यांकन अंक ८५.२५ रहेको देखियो । स्वमूल्यांकन सन्दर्भमा नम्वर कमी भएका महाशाखाहरु र अन्तर्गतका शाखाहरुलाई आगामी आ.व.का लागि थप तयारी व्यवस्थित गर्नका लागि कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.७६.५**

**राजीनामा स्वीकृत सम्बन्धमा**

**निर्णय नं.७६.५**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको अधिकृतस्तर छैठौ तहमा कार्यरत टिका कुमारी भण्डारीले मिति २०७७।१२।०१ गते देखि लागु हुने गरी राजीनामा स्वीकृत गरी पाउँ भनी दिएको निवेदनमा निज उपस्थित भई सनाखत समेत भएको हुँदा मिति २०७७।०५।०१ गते देखि २०७७ फागुन मसान्तसम्मको निजको असाधारण विदा (वेतलवी) स्वीकृत गरी निजले माग गरेकै मिति देखि नै लागु हुने गरी निजको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७६.६**

**राजश्व परामर्श समितिका निर्णय सिफारिस सम्बन्धमा ।**

**निर्णय नं.७६.६**

मिति २०७७।१२।२५ मा बसेको राजश्व परामर्श समितिको वैठकबाट सिफारिस भई आए बमोजिमका निर्णयहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

क. राजश्व परामर्श समितिको निर्णय बमोजिम कपरकट्टी वैठौलिया तालको ५ बर्ष अवधि कायम गरी जम्मा न्युनतम ठेक अंक रु.६००००००।- कायम गरी कार्यालयबाट आय ठेक्का बन्दोवस्त गर्ने गरी प्रक्रिया अगाडि बढाइएको कार्यलाई समर्थन गरियो ।

ख. राजश्व परामर्श समितिबाट सिफारिस भई आए बमोजिम वुटवल उपमहानगरपालिका वडा नं.५ मा रहेको हाटवजार विस्तार हुदैं कान्तिपथ अगाडि समेत लाग्ने गरेको र यसवाट ट्राफिक व्यवस्थापनमा समस्या हुनुका साथै विद्यालय क्षेत्र अशान्त भई हाटवजारमा आउने उपभोक्ताहरुका लागि पार्किङ्ग व्यवस्थापनमा समेत समस्या आएकोले उक्त क्षेत्रमा रहेको अग्लो पेटी भत्काई नाली र पार्किङ्ग गर्न मिल्ने संरचना निर्माण गर्ने निर्णय गरियो ।

ग. स्थानीय उत्पादित हरियो तरकारी उपभोक्ताले ताजा रुपमा उपभोग गर्न र कान्ति उच्च मा.वि. अगाडीका व्यवसायीहरुको व्यवस्थापन हाटवजार भित्र हुन नसकेमा समेत स्थान उपलव्ध गराउने गरी विहान ४ वजेदेखि ८ वजेसम्म रहने गरी अस्थायी विक्री स्थान वु.न.पा. ३ गोलपार्क दुर्गा मन्दिर क्षेत्र उपयुक्त देखिएकोले संवन्धित वडा कार्यालयमा आवश्यक समन्वय गरी प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

घ. सिन्दुर होटल पछाडिको खाली क्षेत्र सडक आवागमनलाई अवरोध नहुने गरी पार्किङ व्यवस्थापन गर्न लुम्विनी साना तथा मझौला ढुवानी व्यवसायी संघमा पेश भएको निवेदन सम्वन्धमा, सडक आवागमनलाई प्रतिकूल प्रभाव नपार्ने गरी अर्को व्यवस्था नहुन्जेल सम्मका

लागि सम्वन्धित सरोकारवालासंगको सहमतिमा पार्किङ व्यवस्थापन गर्ने गरी सहकार्य गर्ने निर्णय गरियो ।

ङ. सडक वत्ति व्यवस्थापनमा टोल विकास संस्था र निजी क्षेत्रलाई परिचालन गर्ने सम्वन्धमा हाल वुटवल उप महानगरपालिकावाट गरिएको विज्ञापन कर सम्वन्धी आय ठेक्का प्रभावित नहुने गरी संझौताको नमूना उपलब्ध गराई संवन्धित वडा कार्यालयलाई अधिकार दिने । यस्तो सडक वत्ति व्यवस्थापन संगै हुने व्यावसायिक विज्ञापन कर नगर सभाले तोकेको रकमको २० प्रतिशत मात्र विज्ञापन कर व्यवस्थापन गर्ने साझेदार संस्थाले असुल गर्न पाउने साथै टोल/ समुदायले गरेको सडकवत्ति व्यवस्थापन संगै हुने विज्ञापन वापत प्राप्त हुने आम्दानीको ९० प्रतिशत रकम संवन्धित टोल/समुदायलाई नै सडक वत्ति मर्मत,सरसफाई र स्थानीय विकास व्यवस्थापनमा खर्च गर्ने गरी फिर्ता दिने निर्णय गरियो ।

च. कोभिड-१९ कारण लकडाउन अवधिमा व्यवसाय ठप्प भएकोले सो अवधि मध्ये गत आ.व.को २ महिनाको सडक मर्मत सुधार तथा वातावरण शुल्क मिनाहा गर्न क्रसर व्यवसायीहरुवाट माग भै आएकोले गत आ.व.को २ महिनाको सडक मर्मत सुधार तथा वातावरण शुल्क मिनाहा गर्ने र यस आ.व.को समेत गत आ.व.कै शुल्कको दररेट कायम गर्ने निर्णय गरियो ।

छ. हाटवजार सपिङ. कम्प्लेक्स तल्लो तलाको सटर नं.४ र ८६ खाली भएकोले आय ठेक्काको लागि न्यूनतम वहाल रकम कायम गर्ने

| सटर नं. | न्यूनतम ठेक्का मासिक वहाल | ठेक्का हुने समयावधि |
|---|---|---|
| ४ | २००००/ | २०८२ मंसिर सम्म |
| ८६ | १२६००/ | २०८२ मंसिरसम्म |

**प्रस्ताव नं.७६.७**

**स्वरोजगार कार्यक्रमको प्रस्तुती सम्बन्धमा ।**

**निर्णय नं. ७६.७**

स्वरोजगार कार्यक्रम अन्तर्गतका गतिविधिहरुको सम्बन्धमा आजको वैठकमा प्रस्तुती भई जानकारी भयो ।

" " " " " "

**प्रस्ताव नं.७६.८ विविध ।**

**प्रस्ताव नं.७६.८.१**

**नगरसभा वैठक आब्हान गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७६.८.१**

उच्च अदालत तुल्सीपुर बुटवल इजलासको प.सं.०७७/०७८ च.नं.७६२२ मिति २०७७।१२।२६ को पत्रबाट निवेदक विष्णु प्रसाद खनाल समेत विपक्षी बुटवल उपमहानगरपालिका समेत भएको मु.नं. ०७७-WO-००४० को निषेधाज्ञा उत्प्रेषण मिश्रित परमादेश मुद्दा २०७७।१२।२५ मा

ईजलाश समक्ष पेश हुँदा यसमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को प्रावधान अनुसारको दफाले निर्दिष्ट गरेको ऐन बनाई सोको मातहतमा रही स्तरवृद्धि गर्नुपर्नेमा सो गरे भएको नपाइदा अव उक्त ऐनको प्रावधान अनुसार ऐन बनाई तोकिएको अधीनमा रही स्तरवृद्धि सम्बन्धमा आवश्यक मापदण्ड बनाई कानून बमोजिम गर्नु गराउनु भनि बुटवल उपमहानगरपालिकाको नाममा परमादेशको आदेश जारी भएको हुँदा सोही प्रयोजन र अन्य आवश्यक प्रस्ताव पेश गर्नका लागि देहायको मिति, समय र स्थानमा नगरसभाको आठौ विशेष अधिवेशन आब्हान गर्ने निर्णय गरियो ।

मिति : २०७८।१।३ गते शुक्रवार ।
समय : दिनको ३:०० बजे ।
स्थान : उपमहानगरपालिका सभाहल ।

**प्रस्ताव नं.७६.८.२**
**परीक्षा संचालन खर्चको नर्म्स स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं. ७६.८.२**
नगरस्तरीय आधारभुत तह उत्तीर्ण परीक्षा संचालन तथा व्यवस्थापन गर्नका लागि परीक्षा संचालन गर्दा गरिने खर्च निश्चित मापदण्ड अनुसार हुन आवश्यक भएकोले आधारभुत तह (कक्षा ८) उत्तीर्ण परीक्षा संचालन खर्चको नर्म्स देहाय बमोजिम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय :

**कक्षा आठको अन्तिम परीक्षा सञ्चालन खर्चका आधारहरु**

| क्र.स | विवरण | दिन | दर | कैफियत |
|---|---|---|---|---|
| १ | केन्द्राध्यक्ष | १ | ८०० | |
| २ | सहायक केन्द्राध्यक्ष | १ | ५०० | |
| ३ | निरीक्षक | १ | ३०० | |
| ४ | सहायक कर्मचारी | १ | २५० | |
| ५ | सूरक्षाकर्मी | १ | २०० | |
| ६ | केन्द्र व्यवस्थापन खर्च / प्रति केन्द्र | एकमूष्ठ | १५०० | |
| ७ | केन्द्र मसलन्द / प्रति केन्द्र | एकमूष्ठ | २५०० | |
| ८ | उत्तरपूस्तिका परीक्षण | | | |
| | १०० पुर्णाङ्क /प्रति उत्तरपुस्तिका | | २२ | |
| | ७५ पुर्णाङ्क /प्रति उत्तरपुस्तिका | | १८ | |
| | ५० सो भन्दा कम पुर्णाङ्क /प्रति उत्तरपुस्तिका | | १६ | |
| ९ | उत्तरपूस्तिका समपरीक्षण | | | |

| | | | | |
|---|---|---|---|---|
| | १०० पुर्णाङ्क /प्रति उत्तरपुस्तिका | | ३ | |
| | ७५ पुर्णाङ्क /प्रति उत्तरपुस्तिका | | २ | |
| | ५० सो भन्दा कम पुर्णाङ्क /प्रति उत्तरपुस्तिका | | २ | |
| १० | आवेदन फाराम संकलन तथा रुजू प्रति फाराम | | ३ | |
| ११ | फाराम प्रमाणिकरण प्रति फाराम | | ३ | |
| १२ | प्रवेशपत्र तयारी तथा वितरण प्रति फाराम | | ३ | |
| १३ | प्रश्नपत्र निर्माण कार्यशाला / बैठक सहभागी भत्ता | १ | १००० | |
| १४ | प्रश्नपत्र मोडरेसन तथा उत्तर कून्जिका निर्माण कार्यशाला / बैठक सहभागी भत्ता | १ | १००० | |
| १५ | उत्तरपूस्तिका परीक्षण कार्यशाला / बैठक सहभागी भत्ता | १ | १००० | |
| १६ | प्रश्नपत्र तथा उत्तरपूस्तिका संरक्षण प्रति केन्द्र एकमूष्ठ | | ५००० | |
| १७ | परीक्षा केन्द्रगत विवरण तयारी र व्यवस्थापन प्रति केन्द्र | | १००० | |
| १८ | परीक्षा अनूगमन तथा मुल्याङ्कन प्रति अनुगमनकर्ता | १ | १००० | |
| १९ | प्रतिउत्तरपूस्तिका कोडिङ्ग | | २ | |
| २० | प्रतिउत्तरपूस्तिका डिकोडिङ्ग | | १ | |
| २१ | परीक्षा समन्वय/व्यवस्थापन/सरोकारवाला बैठक भत्ता प्रति बैठक | १ | १००० | |
| २२ | उत्तरपूस्तिका परीक्षणमा संलग्न कर्मचारी प्रति केन्द्र ३ जना | १ | १००० | |
| २३ | परीक्षा कार्यमा संलग्न कर्मचारी खाना २५० खाजा १५० | १ | ४०० | |
| २४ | अंक टेवूलेसन प्रति विद्यार्थी प्रति विषय | | २ | |
| २५ | नतिजा तयारी तथा विश्लेषण प्रति विद्यार्थी | | २ | |
| २६ | ग्रेटसिट प्रमाणिकरण प्रति विद्यार्थी | | ३ | |
| २७ | ग्रेटसिट तयारी वितरण प्रति विद्यार्थी | | ३ | |
| २८ | परीक्षामा खटिने कर्मचारी प्रतिनिधी | | १२०० | |

**प्रस्ताव नं.७६.८.३**

**आयोजनाको अवधारणापत्र सम्बन्धमा।**

**निर्णय नं. ७६.८.३**

आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्बिनी प्रदेशको च.नं.३० मिति २०७७।१२।२२ को प्राप्त पत्रानुसार लुम्विनी प्रदेश सरकारबाट आयोजना हुन लागेको “लगानी सम्मेल २०७८” मा यस बुटवल उपमहानगरपालिकाको तर्फबाट देहाय बमोजिमका आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो।

| क.सं. | आयोजना/कार्यक्रमको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | अत्याधुनिक तथा सुविधायुक्त नयाँ शहर (सेट लाईट सिटी) निर्माण तथा संचालन | बुटवल १४-१९ | |
| २. | कपरकट्टी बैठौलिया ताल निर्माण तथा संचालन | बुटवल-१६ | |

| | | | |
|---|---|---|---|
| ३. | पालीकाबजार निर्माण तथा संचालन | बुटवल-५, हाटवजार | |
| ४. | थारु सांस्कृतिक संग्रहालय निर्माण तथा संचालन | बुटवल-१८ मोतिपुर | |
| ५. | अत्याधुनिक तथा सुविधायुक्त बहुउद्देश्यीय बस टर्मिनल निर्माण तथा संचालन | बुटवल-९, | |
| ६. | स्यानिटरी ल्याण्डफिल साइट निर्माण | बुटवल | |

**प्रस्ताव नं.७६.८.४**

**कार्ययोजना स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं. ७६.८.४**

मिति २०७७।११।२८ गतेको वैठकमा तिनाउ नदी क्षेत्र क्रमशः वडा नं. १७ र १८ को हरिहरपुर र धन्दापुर क्षेत्रको IEE प्रतिवेदन साथ कार्यालयबाट नदीजन्य पदार्थको उत्खनन र विक्री वितरण सम्बन्धी कार्ययोजना संलग्न भई वैठकमा पेश हुन आएकोमा सो कार्ययोजना स्वीकृत भएकोमा प्राविधिक कारणबाट निर्णयमा समावेश गर्न छुट भएको हुँदा सो कार्ययोजना स्वीकृत गरियो ।

**प्रस्ताव नं.७६.८.५**

**कार्यदल गठन सम्बन्धमा ।**

**निर्णय नं. ७६.८.५**

यस बुटवल उपमहानगरपालिकाको वडा नं.४ स्थित जेसिस चोकमा साविकमा शोभा वोर्डिङ्ग रहेको जग्गा मध्ये व्यक्तिको कायम भई बाँकी रहेको जग्गाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट समेत सरकारी सार्वजनिक कायम भई सकेको अवस्था रहेको छ । नगरको महत्वपूर्ण स्थानमा रहेको उक्त जग्गालाई के कसरी सार्वजनिक उपयोगमा ल्याउदा प्रभावकारी हुन्छ सो सम्बन्धमा अध्ययन गरी अघि बढ्न मनासिव हुने देखिएकोले सम्बन्धित पक्षहरुसँग आवश्यक छलफल एवं समन्वय गरी एक महिनाभित्र सुझाव सहितको प्रतिवेदन दिने गरी देहाय बमोजिमको एक अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

श्री टंक प्रसाद पराजुली, वडाध्यक्ष वडा नं.४ -संयोजक

श्री राम प्रसाद रेग्मी, वडाध्यक्ष वडा नं.१६ -सदस्य

श्री नारायण प्रसाद पुन वडाध्यक्ष वडा नं.१३ -सदस्य

श्री रामचन्द्र क्षेत्री, वडाध्यक्ष वडा नं.११ -सदस्य

श्री विष्णु प्रसाद खनाल, वरिष्ठ अधिकृत -सचिव

**प्रस्ताव नं.७६.८.६**

**योजना परिवर्तन सम्बन्धमा ।**

**निर्णय नं. ७६.८.६**

संघीय सरकारको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमबाट समेत प्रस्तावित रकमको ५० प्रतिशत लागत सहभागिताका लागि प्रस्ताव गरी पठाईएकोमा सो प्रस्ताव स्वीकृत भई रु.४९७,००,०००।- बजेट प्राप्त हुने सुनिश्चितता भएको । उक्त आयोजना बहुवर्षिय आयोजनाको रुपमा वोलपत्र स्वीकृत हुँदा कन्टेन्जेन्सी बाहेक रु.६,८९,२५,२५६।०७ मा सम्पन्न गर्ने गरी ठेक्का बन्दोवस्त भई हाल निर्माणाधिन अवस्था रहेको । उक्त आयोजनाको लागि ५० प्रतिशत संघीय सरकारबाट प्राप्त हुने हुँदा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानको रकम यस चालु आ.व. भित्र खर्च भई नसक्ने अवस्था देखिएकोले सो रकम मध्येबाट द्रुत गतिमा निर्माण कार्य भएको **वडा नं.१२ स्थित ट्रान्सपोर्ट भिलेज पूर्वाधार निर्माण** कार्यको नगरको आन्तरिक श्रोतबाट भुक्तानी गर्न रकम अभाव हुने देखिएकोले वडा नं.१ स्थित बटौली युद्ध संग्रहालय निर्माण कार्यका लागि प्रदेश सरकारबाट विनियोजित रकम रु.१,५०,००,०००।- वडा नं.१२ स्थित ट्रान्सपोर्ट भिलेज पूर्वाधार निर्माण कार्यमा शीर्षकान्तर कार्यका लागि लुम्बिनी प्रदेश सरकारसँग सहमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७६.८.७**

**थारु संग्रहालय तथा बहुसांस्कृतिक ग्राम निर्माण सम्बन्धमा ।**

**निर्णय नं. ७६.८.७**

बुटवल उपमहानगरपालिका वडा नं. १८ स्थित सौरहियामा थारु संग्रहालय तथा बहुसांस्कृतिक ग्राम निर्माण, संचालन तथा हस्तान्तरण आयोजनाको आसयपत्र आव्हान भई सकेको छ । उक्त आयोजनाको मनसायपत्र आव्हान भई सकेको भए तापनि थारु संग्रहालयलाई हाल यथावत राखि बहुसांस्कृतिक ग्राम निर्माण गरी संचालन गर्दा समग्र पर्यटन व्यवसायमा प्रभाव पर्न गई पर्यटन प्रवर्धनमा समेत थप टेवा पुग्न गई निजी क्षेत्रमा समेत आकर्षण बढ्न जाने देखिएको हुँदा उक्त बहुसांस्कृतिक ग्राम आयोजनाको निर्माण, संचालन तथा हस्तान्तरणको DPR मा समेत बहु भन्ने शब्द थप गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७६.८.८**

**म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ७६.८.८**

यस बुटवल उप-महानगरपालिका वडा नं. ०९ स्थित **लुम्बिनी बस टर्मिनल भित्र सपिङ्ग कम्प्लेक्स भवन निर्माण कार्यका** लागि ठे.नं. ११।०७५।०७६ भ्याट सहित ल.ई. रु.१०,८४,४१,७०९।०५ को ठेक्का श्री प्रेरा सुनिल समिर जे.भी. गुल्मी को भ्याट सहित कवोल अंक रु.७९६४३४५१।९४ को वोलपत्र स्वीकृत भई मिति २०७७।०४।०६ गते भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई

कार्यादेश दिईएकोमा निर्माण कार्य भईरहेको अवस्थामा कोभिड-१९ कोरोना भाईरसको कारणले लकडाउन भई निर्माण कार्य समयमै सम्पन्न हुन नसकेको । लकडाउन पश्चात तत्कालै वर्षायाम शुरु भई मौसम प्रतिकुल भएका कारणले गर्दा तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसक्ने भएकोले निर्माण व्यवसायीहरुबाट सम्झौताको म्याद थप गरी पाउ भनी निवेदन पेश भएको । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०३।२९ को खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धी निर्णय बमोजिम मिति २०७७।४।२५मा पहिलो र मिति २०७७।१०।२७ गतेको निर्णयबाट दोश्रो पटक २०७७।१२।२८ सम्म म्याद थप गरिएको । निर्माण व्यवसायीले मिति २०७७।११।१६ मा उक्त भवनको तल पसल गर्ने पसल ब्यावसायीले काममा अवरोध गरेकोले सटर बन्द नभएसम्म काम गर्न नसकिने अवस्था जनाई निवेदन पेश हुन आएको साथै: मिति २०७७।१२।०३ मा ३ ( तिन) महिनाको लागि म्याद थप गरी पाऊ भनि निवेदन पेश हुन आएकोमा साईट इन्चार्जबाट प्राविधिक राय सहित २०७८।०२।२७ सम्म म्याद थप गर्न सिफारिस भई आएको हुंदा खरिद संम्झौताको म्याद थप सम्बन्धमा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ को उपनियम (३) मा उपनियम २ बमोजिम जाँचबुझ गर्दा निवेदकको उल्लेखित कारण मनासिव देखिएमा ६ महिनासम्मको अवधी वोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा बढीको म्याद कार्यपालिकाले थप गर्ने ब्यवस्था बमोजिम प्राविधिक राय समेतका आधारमा नगर कार्यपालिका कार्यालयसँग थप आर्थिक दायित्व दावी नगर्ने शर्तमा मिति २०७८।०२।२७ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७६.८.९**

**स्थानीय विकास कोष व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ मा संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ७६.८.९**

बुटवल उपमहानगरपालिकाको स्थानीय विकास कोष व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

- -परिच्छेद-३ कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्था अन्तर्गत दफा ५ को उपदफा ४ मा गैसस समन्वय शाखाको प्रमुख भन्ने वाक्यांशको पछाडि “वा प्र.प्र.अ.ले तोकेको अधिकृत स्तरको कर्मचारी” भन्ने वाक्यांश थप गर्ने ।
- -सोही परिच्छेदको उपदफा ७ मा रहेको स्थानीय विकास कोषबाट लगानीमा रहेको घुम्ती कोषको परिचालनबाट प्राप्त भएको व्याजलाई भन्ने वाक्यांशको पछाडि “ऋण पुजी कोषमा जम्मा गरी कोषको वृद्धि गरिनेछ र उक्त कोषतर्फ काम गर्नका लागि न.पा. कार्यालयबाट करारमा कर्मचारी खटाइनेछ र निजलाई आवश्यक पर्ने पारिश्रमिक समेत कार्यालय तर्फबाट व्यवस्था हुनेछ” भन्ने वाक्यांश थप गरी उक्त उपदफाको अन्य सबै वाक्यांश हटाइएको छ ।
- -परिच्छेद ४ अन्तर्गत दफा १३ को उपदफा २ मा निज अवकाश भए पश्चात भन्ने वाक्यांश पछाडि “दफा ५ को उपदफा ७ बमोजिम हुनेछ” भन्ने वाक्यांश थप गरी सो पश्चात सबै वाक्यांश हटाईएको छ ।

प्रस्ताव नं.७६.८.१०

सहयोग सम्बन्धमा ।

निर्णय नं. ७६.८.१०

विभिन्न मितिमा विभिन्न संघसंस्थाहरुबाट सहकार्यमा कार्यक्रमहरु संचालन प्रयोजनका लागि सहयोग माग भई आएको हुदा देहायका संघसंस्थाहरुलाई सम्बन्धित शीर्षक र नपुग रकम चालु भैपरी खर्च शीर्षकबाट कट्टा हुने गरी देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | संघसंस्था | रकम |
|---|---|---|
| १. | राष्ट्रिय जेष्ठ नागरिक महासंघ | रु.५०,०००।- |
| २. | परोपकार संस्था बुटवल-१ | रु.१,००,०००।- |
| ३. | राष्ट्रिय जनमोर्चा नेपाल | रु.५०,०००।- |
| ४ | बुटवल अटो इन्जिनियरिङ्ग एशोसिएसन | रु.५०,०००।- |

प्रस्ताव नं.७६.८.११

कोभिड सम्बन्धमा ।

निर्णय नं. ७६.८.११

हाल केही दिनयता देखि कोभिड संक्रमण बढ्न गई संक्रमितहरुको संख्यामा वृद्धि भएको पाइएको हुँदा कोभिड प्रोटोकलको पूर्ण पालना गर्ने गराउने व्यवस्था मिलाउनका लागि सम्बन्धित वडा कार्यालयहरु मार्फत सूचना प्रवाह गर्ने र संक्रमण रोकथामका लागि पूर्व तयारीको समेत आवश्यक प्रवन्ध मिलाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।